स्वीकृत मितिः

**..............................इन्स्योरेन्स कम्पनी लिमिटेड**

## कफी खेती बीमालेख

(लागत र उत्पादनमा आधारित)

यस बीमालेखमा उल्लेख भएको कफी खेतीमा हुने क्षति बिरूद्ध बीमा गर्नको लागि बीमितले बीमाशुल्क भुक्तानी गरेको हुनाले बीमितले गरेको प्रस्ताव फाराम तथा उद्घोषणको आधारमा बीमा ऐन, २०७९ को अधिनमा रही बीमक श्री ............... ले यो बीमालेख जारी गरिएको छ ।

परिच्छेद -१

### प्रारम्भिक

१. बीमालेखको नाम र प्रारम्भः (१) यस बीमालेखको नाम **"कफी खेती बीमालेख"** रहेको छ।

(२) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरे पश्चात प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,

(क) "अप्रत्यक्ष क्षति" भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष वा एउटा घटनाको परिणामस्वरूप हुने अन्य क्षति सम्झनु पर्छ ।

(ख) "अभिलेख" भन्नाले यस बीमालेखमा उल्लेख भएको कफी खेतीको लागि आवश्यक पर्ने छहारी, चिस्यान, मलजल एवं नियमित रूपमा बगैंचा व्यवस्थापन आदिका लागि तयार गरिएको अभिलेख सम्झनु पर्छ।

(ग) "कफी खेती" भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भएको कफीको जात, उपजात, प्रकार वा कफीको दाना वा चेरी वा फलको विवरण सम्झनु पर्छ।

(घ) "दावी" भन्नाले बीमा गरिएको कफी खेतीको क्षति बापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(ङ) "दुर्घटना" भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने, सांघातिक, आकस्मिक र अप्रत्याशित घटना सम्झनु पर्छ।

(च) "प्राविधिक" भन्नाले एस.एल.सी/एसईई वा सो सरहको परीक्षा उत्तिर्ण गरी कृषि विज्ञानमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा कृषि विज्ञान विषय लिई टी.एस.एल.सी. वा कृषि विज्ञान विषय लिई एस.एल.सी./एसईई वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सोभन्दा माथिल्लो योग्यता प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(छ) "प्राविधिक जाँच सिफारिस" भन्नाले बीमा गर्न प्रस्तावित कफी खेती बीमायोग्य छ वा छैन भनी प्राविधिकद्वारा अध्ययन, अवलोकन गरी सिफारिस गर्ने कार्यलाई सम्झनु पर्छ ।

(ज)"बीमक" भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनी सम्झनु पर्छ ।

(झ) "बीमा अवधि" भन्नाले बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने अवधि सम्झनु पर्छ ।

(ञ) "बीमाङ्क रकम" भन्नाले बीमालेख बमोजिम कफी खेतीको रक्षावरण गरिएको रकम सम्झनु पर्छ ।

(ट)"बीमालेख" भन्नाले बीमकले जारी गर्ने कफी खेतीको जोखिम स्वीकार गरी बीमितलाई जारी गरेको बीमाको लिखित सम्झनु पर्छ र सो शब्दले रसिद, प्रस्ताव फारम, अनुसूची, तालिका लगायत बीमालेखसंग संलग्न कागजातहरू सम्झनु पर्छ।

(ठ)"बीमाशुल्क" भन्नाले बीमालेखमा उल्लेख गरिएको कफी खेतीको बीमा गर्दा प्रतिफलको रुपमा बीमितबाट एकमुष्ट वा किस्ताबन्दी रुपमा बीमकले लिने रकम सम्झनु पर्छ ।

(ड)"बीमित" भन्नाले कफी खेतीको बीमा गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्तिलाई समेत जनाउँछ ।

(ढ)"रक्षावरण" भन्नाले बीमालेखमा उल्लेख भएको कफी खेतीमा भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि बीमकले मञ्जुर गरेको अवस्था सम्झनु पर्छ ।

(ण)"क्षति" भन्नाले यस बीमालेखको दफा ३ बमोजिम रक्षावरण गरिएको जोखिमका कारणले हुने आर्थिक क्षति सम्झनु पर्छ ।

(त) "क्षतिपूर्ति" भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई आर्थिक क्षतिपूर्ति वापत भुक्तानी गर्ने दावी रकम सम्झनु पर्छ ।

(थ) "क्षति मूल्याङ्कनकर्ता" भन्नाले यस बीमालेखमा हुने क्षतिको मूल्याङ्कन गर्नका लागि कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका अनुसार योग्यता पुगेका प्राविधिक व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(द) "क्षति मूल्याङ्कन प्रतिवेदन" भन्नाले बीमक वा क्षति मूल्याङ्कनकर्ताले कफीको दाना वा चेरी वा बोट वा फलको क्षति, नष्ट वा नास भई आर्थिक क्षति भएको भनी यकिन गरी दिएको प्रतिवेदनलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## <u>रक्षावरण</u>

३. <u>रक्षावरणः</u> यस बीमालेख अन्तर्गत रक्षावरण गरिएको कफी खेतीमा बीमा अवधि भित्र देहायका कारणबाट क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्नेछः-

(क) आगलागी वा अग्निको कारणले भएको क्षति

(ख) <u>हावाजन्य क्षतिः</u>

(अ) हुरीबतासको कारणले भएको क्षति

(आ) आँधिबेहरी वा तुफानको कारणले भएको क्षति

(ग) <u>जल उत्पन्न तथा मौसमजन्य क्षतिः</u>

(अ) अतिवृष्टि वा बेमौसमी वर्षाको कारणले भएको क्षति
(आ) असिना वा हिउँको कारणले भएको क्षति
(इ) बाढी वा डुवानको कारणले भएको क्षति
(ई) खडेरीको कारणले भएको क्षति
(उ) तुसारोको कारणले भएको क्षति
(ऊ) शितलहरको कारणले भएको क्षति

(घ) <u>भूमिजन्य क्षतिः</u>

(अ) भूकम्पको कारणले भएको क्षति
(आ) पहिरो वा भू-स्खलनको कारणले भएको क्षति

(ङ) चटयाङ्गको कारणले भएको क्षति

(च) रोग तथा किराको कारणले भएको क्षति

(छ) आकस्मिक वा दुर्घटनाजन्य बाह्य कारणबाट हुने क्षति

(ज) जंगली जनावरको आक्रमण (खाएर वा कुल्चिएर वा माडेर, खोस्रेर वा उधिनेर वा झारेर) बाट भएको क्षति।

४. <u>दुर्घटना बीमा :</u> (१) बीमितले न्यूनतम दुई लाख रूपैयाँ बराबरको दुर्घटना बीमा गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमा गर्दा दुई सय रूपैंया बीमा शुल्क लाग्नेछ र त्यस्तो बीमा शुल्कमा अनुदान उपलब्ध हुने छैन।

(३) एक वर्षभन्दा कम अवधिको लागि जारी हुने बीमालेखमा समेत उपदफा (२) बमोजिमको बीमाशुल्क लाग्नेछ।

(४) एक वर्ष वा सो भन्दा कम अवधिको लागि जारी हुने बीमालेखमा दुर्घटना बीमाको अवधि एक वर्षको हुनेछ।

(५) एकभन्दा बढी कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख लिने बीमितको दुर्घटना बीमाको अवधि बाँकी रहेको अवस्थामा पुनः अर्को दुर्घटना बीमालेख लिन अनिवार्य हुने छैन।

तर दुर्घटना बीमाको अवधि समाप्त हुन अगावै कृषकलाई जानकारी गराउने जिम्मेवारी बीमकको हुनेछ।

(६) दफा १० बमोजिम बीमालेख रद्द भएको अवस्थामा समेत उपदफा (४) बमोजिमको अवधिसम्म दुर्घटना बीमा रहनेछ।

(७) सामूहिक रुपमा गरिएको बीमाको हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टाछुट्टै दुर्घटना बीमा गर्नु पर्नेछ र सोको विस्तृत विवरण अनुसूची-१ बमोजिम राख्नु पर्नेछ।

५. <u>बीमाङ्क रकम भुक्तानी गर्नु पर्ने:</u> दुर्घटना बीमा अवधि भित्र बीमितको देहायको अवस्था सिर्जना भएमा दुर्घटना बीमा बापत बीमकले बीमितलाई बीमाङ्क रकम भुक्तानी गर्नु पर्नेछः-

**(क)** आत्महत्या बाहेक अन्य कुनै पनि दुर्घटनाको कारणले मृत्यु भएमा ,
**(ख)** स्पाइनल इन्जुरीको कारण पुनः ठीक नहुने गरी रिढको हड्डी काम नलाग्ने भएमा,
**(ग)** एक वा दुबै हातको नाडी देखि माथि पूरै हात काम नलाग्ने भएमा,
**(घ)** एक वा दुबै खुट्टाको गोली गाँठो देखि माथि पूरै खुट्टा काम नलाग्ने भएमा,

(ङ) दुवै आँखाको दृष्टि गुमेमा।

६. <u>अपवादः</u> (१) यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले देहायका कारणबाट हुने कफी खेतीको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः-

(क) कफी खेतीबाट भएको क्षतिको कारणबाट हुने अन्य अप्रत्यक्ष क्षति भएमा,
(ख) अधिकार प्राप्त निकायको आदेशमा कफी खेती नष्ट गरिएमा,
(ग) विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोरको संसर्ग (कन्टामिनेसन) बाट क्षति भएमा,
(घ) आणविक, रासायनिक तथा जैविक आम विनासकारी हतियारको प्रयोगबाट क्षति भएमा,
(ङ) सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी सैन्य कारवाही वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा राजद्रोह वा सो सरहको अवस्थाको कारणले क्षति भएमा।

(२) उपदफा (१) को अतिरिक्त देहायको कारणले भएको अन्य क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः-

(क) बीमितले प्रस्ताव फाराममा विवरण दिँदा झुठ्ठा विवरण दिएमा वा जोखिम मूल्याङ्कन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुठ्ठा कुरा उल्लेख गरेमा,
(ख) बीमा गरिएको कफी चोरी भएमा,
(ग) बीमित वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले जानाजान वा मनोरञ्जनको उद्देश्य वा परीक्षण वा लापरवाहीको कारणले कफी खेतीमा क्षति पुऱ्याएमा,
(घ) बीमित वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले रिसइवीपूर्ण व्यवहारको कारणबाट कफी खेतीमा क्षति भएमा,
(ङ) कुनै प्रकारको महामारीको प्रकोप भएको भनि अधिकार प्राप्त निकायबाट घोषणा भएको क्षेत्रमा बीमा गरिएको कफी खेतीमा उक्त महामारीबाट क्षति भएमा,
(च) नेपाल सरकारबाट उन्मोचित (रिलीज) वा सूचीकृत गरिएका कफी खेतीका जात वा चलनचल्तीबाट स्थापित जातहरू बाहेक अन्य जातको बीउ प्रयोग गरिएमा,
(छ) उन्मोचित (रिलीज) तथा सिफारिस जातहरूको हकमा जात अनुसारको सिफारिस क्षेत्र फरक पारी खेती लगाएमा।

परिच्छेद-३

## <u>बीमालेख तथा बीमा सम्बन्धी शर्त</u>

७. <u>प्रस्ताव फाराम बुझाउनु पर्नेः</u> (१) बीमालेख खरिद गर्नु पूर्व बीमितले अनुसूची-२ बमोजिमको प्रस्ताव फाराम पूर्ण रूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ।

(२) बीमितले उपदफा (१) बमोजिमको प्रस्ताव फाराम बुझाउँदा अनुसूची-३ बमोजिम सम्बन्धित प्राविधिकले बीमा गर्न प्रस्तावित कफी खेती प्राविधिक रूपमा खेती योग्य वा बीमा योग्य छ वा छैन भनी दिएको प्राविधिक जाँच सिफारिसपत्र संलग्न गर्नु पर्नेछ।

८. <u>बीमालेख जारी गर्नेः</u> (१) दफा ७ बमोजिमको प्रस्ताव फाराम तथा प्राविधिक जाँच सिफारिसपत्र प्राप्त भए पछि बीमकले बीमालेख जारी गर्नु पर्नेछ।

(२) कफी खेतीको बीमा गर्दा लागत र उत्पादनको आधारमा गर्न सकिनेछ।

(३) यस बीमालेख अन्तर्गत कफीको फल (चेरी) वा बोट वा दुवैको बीमा गर्न सकिनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएता पनि बीमितले अनुदान बाहेकको बीमाशुल्क बापत भुक्तानी गरेको रकम बीमकको बैंक खातामा प्राप्त नभएसम्म बीमकले बीमालेख जारी गर्न पाउने छैन।

९. <u>पुनः जाँच परीक्षण तथा निरीक्षण गर्नु पर्नेः</u> दफा ८ बमोजिम बीमालेख जारी भए पश्चात प्राविधिकले बीमा अवधि भित्र बीमा गर्न सिफारिस गरेको कफी खेतीको कम्तीमा एक पटक पुनः जाँच परीक्षण तथा निरीक्षण गरी सोको प्रतिवेदन अनुसूची-४ बमोजिम बीमकलाई दिनु पर्नेछ र बीमकले उक्त जाँच परीक्षणको प्रतिवेदन समेत बीमालेखसंग संलग्न गरी राख्नु पर्नेछ।

१०. <u>बीमालेख रद्द हुने अवस्थाः</u> (१) देहायको अवस्थामा बीमकले बीमालेख रद्द गर्न सक्नेछः-

(क) दफा ९ बमोजिम पुनः जाँच परीक्षण गर्दा बीमितले शर्तहरू पूरा गरेको नपाइएमा,
(ख) बीमितले बीमालेखको शर्त उल्लंघन गरेमा,
(ग) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेमा,
(घ) बीमा गरेको कफी खेतीलाई उचित हेरचाह नगरी लापरवाही गरेमा,
(ङ) बीमा गरेको कफी खेती त्याग गरेमा,
(च) गैरकानूनी तवरले बीमा गराएमा,
(छ) बीमा योग्य हित कायम नभएमा।

(२) उपदफा (१) बमोजिम बीमालेख रद्द गर्दा बीमकले बीमालेख रद्द गर्नाको कारण समेत खुलाउनु पर्नेछ ।

(३) बीमालेख रद्द गर्नु अघि बीमकले बीमितलाई कम्तीमा सात दिनको समय दिई सफाई पेश गर्न मौका दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम बीमालेख रद्द गरिएमा सोको जानकारी बीमकले पन्ध्र दिनभित्र प्राधिकरणमा दिनु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले अनुरोध गरेमा बीमकले बीमालेख रद्द गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम बीमालेख रद्द गर्दा अनुदान प्राप्त नहुने बीमितलाई बाँकी अवधिको समानुपातिक रुपमा बीमाशुल्क फिर्ता गर्नु पर्नेछ र अनुदान प्राप्त हुने बीमितलाई कुनै रकम फिर्ता गर्नुपर्ने छैन ।

११. <u>योगदानः</u> (१) यस बीमालेख अन्तर्गत कफी खेतीको बीमा गर्दा एउटा मात्र बीमकमा बीमा गर्नु पर्नेछ।

(२) बीमा गरिएको कफी खेतीको बीमा कुनै कारणवश अन्य बीमकमा समेत भएको रहेछ र त्यस्तो कफी खेतीको आंशिक वा पूरा अंश दावी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नेछ।

१२. <u>प्रत्यासनः</u> (१) बीमा गरिएको कफी खेतीको क्षति बापत बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमितले बीमकलाई सुम्पनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा पनि उपयुक्त र आवश्यक कारवाही गर्न सक्नेछ।

१३. <u>स्वामित्व परिवर्तनः</u> (१) बीमितले आफूले गरेको कफी खेतीको आँशिक वा पूर्ण स्वामित्व परिवर्तन वा हस्तान्तरण गरेको खण्डमा बीमकलाई तीस दिन भित्र जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपश्चात बीमकले सो कुराको जानकारी प्राप्त भएको मितिले पन्ध्र दिन भित्र स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाममा निःशुल्क बीमालेखको नामसारी गरी दिनु पर्नेछ।

१४. <u>बीमालेखको पुनर्स्थापनाः</u> कफी खेती बीमालेख अन्तर्गत दावी परे पश्चात बाँकी बीमाङ्क रकमको पुनर्स्थापना गर्न पाइने छैन।

१५. <u>बीमालेखको अवधिः</u> (१) कफी खेती बीमालेख जारी गर्दा घण्टा र मिनेट समेत खुल्ने गरी समय उल्लेख गर्नु पर्नेछ।

(२) बीमालेख जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी बीमालेख जारी गर्न पाइने छैन।

(३) बीमालेखको अवधि एक वर्षको हुनेछ ।

(४) बीमालेखको अवधि समाप्त हुने मितिको मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ।

(५) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिनु पर्नेछ।

१६. <u>बीमकको कर्तव्यः</u> (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू बीमकले पालना गर्नु पर्नेछ।

(२) बीमालेख जारी गर्नु पूर्व बीमा गरिने कफी खेती समेटिएको विभिन्न कोणबाट खिचिएको कम्तीमा पाँचवटा फोटो र कम्तीमा एक मिनेटसम्मको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनु पर्नेछ।

(३) बीमितको हकहित विरूद्ध कुनै काम गरी क्षति पुऱ्याउनु हुँदैन।

(४) बीमकले यस बीमालेख बमोजिम कफी खेतीको बीमा गर्दा शर्त पूरा नगरी बीमा गरेको रहेछ भने बीमकले दावीको समयमा शर्त पूरा नभएको भनी दावी अस्वीकार गर्न पाउने छैन।

(५) बीमालेख जारी गर्दा वा बीमा दावी फछ्र्यौट गर्दा आवश्यक पर्ने सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो आदि सुरक्षित रूपमा अभिलेख गरी राख्नु पर्नेछ।

(६) बीमकले बीमितलाई यस बीमालेखसँग सम्बन्धित आवश्यक तथ्याङ्क, अभिलेख, अनुसूची र सन्दर्भ सामग्रीको सम्पूर्ण जानकारी दिनु पर्नेछ।

(७) यस बीमालेख बमोजिम कफी खेतीको बीमा गर्दा दफा २३ बमोजिम बीमितले शर्त पालना गरे नगरेको यकिन गर्ने दायित्व बीमकको हुनेछ।

१७. <u>बीमितको दायित्व:</u> (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरूको बीमितले पूर्ण रूपले पालना गर्नु पर्नेछ।

(२) बीमक वा तोकिएको संस्थाका आधिकारिक प्रतिनिधिलाई बीमितले बीमा गरिएको कफी खेतीको अनुगमन तथा निरीक्षण गर्न दिनु पर्नेछ,

(३) दावी, छानबिन, अनुसन्धान वा क्षति मूल्याङ्कनको क्रममा प्रहरी, बीमक तथा अन्य अधिकार प्राप्त निकायलाई पूर्णरूपमा सहयोग गर्नु पर्नेछ।

(४) दावी यकिन गर्नका लागि बीमितले आवश्यक प्रमाण जुटाउन बीमकलाई सहयोग गर्नु पर्नेछ।

१८. <u>बीमा गर्न नपाइने:</u> एउटै क्षेत्रफलमा लगाइएको कफी खेतीको आंशिक रूपमा बीमा गर्न पाइने छैन।

परिच्छेद ४

## <u>बीमाङ्क तथा बीमाशुल्क</u>

१९. <u>बीमाङ्क निर्धारण:</u> (१) कफी खेतीको बीमाङ्क निर्धारणका लागि **अनुसूची-५** मा भएको तालिकालाई आधार मान्नु पर्नेछ ।

२०. <u>बीमाङ्क परिवर्तन:</u> (१) बीमालेख जारी भइसकेपश्चात बीमाङ्क रकम परिवर्तन गर्न पाइने छैन।

(२) बीमा अवधिभित्र बीमा गर्नुपर्ने कफी खेतीको क्षेत्रफल थप गर्नु परेमा त्यसरी थप गरिने कफी खेतीको लागि छुट्टै बीमालेख जारी गर्नु पर्नेछ।

२१. <u>बीमा शुल्क र गणना :</u> (१) यस बीमालेख बमोजिम जारी हुने कफी खेतीको बीमाशुल्क बीमाङ्क रकमको पाँच प्रतिशतका दरले लाग्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने कफी खेतीको बीमाशुल्क गणना अनुसूची-६ बमोजिमको सुत्रलाई आधार मानेर गरिनेछ।

२२. <u>सामूहिक बीमा:</u> (१) कफी खेतीको बीमा सामूहिक रूपमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सामूहिक बीमालेख जारी गर्दा बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टा छुट्टै प्रस्ताव फाराम भर्नु पर्नेछ।

(३) सामूहिक बीमालेख जारी गरे पश्चात बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टाछुट्टै कफी खेतीको अभिलेख कायम गर्नु पर्नेछ।

परिच्छेद-५

## कफी खेती बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था

२३. बीमितले पालना गर्नुपर्ने: (१) कफी खेतीको बीमा गर्दा बीमितले देहायका शर्त पालना गर्नु पर्नेछः-

(क) नयाँ कफी बगैंचाको हकमा कफीको बेर्ना रोपी सकेपछि मात्र बीमा गर्नु पर्नेछ।

(ख) कफी खेती छ सय मिटर भन्दा माथिको उचाईको भूभाग तथा छहारी भित्र गरेको हुनु पर्नेछ,

(ग) नेपाल बाहेक अन्य मुलुकबाट रोपण सामग्री खरिद गरी ल्याईएको हकमा रोपण सामग्रीको विवरण खुल्ने प्रमाणित कागजात, खरिद बील, भन्सार र आयात स्वीकृत प्रमाणपत्र तथा प्रचलित कानून बमोजिमको फाइटोस्यानिटरी प्रमाणपत्र प्राप्त गरेको हुनु पर्नेछ,

(घ)कफी खेतीका लागि प्राविधिक रूपमा आवश्यक पर्ने छाहारी, चिस्यान, मलजल एवं चिया तथा कफी विकास बोर्डद्वारा उल्लेख गरिएको मापदण्ड बमोजिम कफी खेतीको व्यवस्थापन गर्नु पर्नेछ,

(ङ) कफीको बगैंचा व्यवस्थापन गर्दा बीमालेखको **अनुसूची-७** मा उल्लेख गरिए बमोजिम छाहारी, चिस्यान, मलजल आदि नियमित रूपमा अभिलेख खडा गरी राख्नु पर्नेछ,

(च) बीमा गरिएको कफी खेतीको उचित हेरचाह, रेखदेख, निगरानी गर्नुका साथै क्षति हुनबाट बचाउन सावधानीका उपायहरू अपनाउनु पर्नेछ र कफी खेतीमा कुनै रोग वा किरा लागेमा तत्काल आफ्नै खर्चमा उपचार गराई सोको प्रमाण सुरक्षित रूपमा राख्नु पर्नेछ।

(२) कफी बिरुवा रोपेकै वर्षबाट कफी खेतीको बीमा प्रारम्भ गर्न सकिनेछ र यसरी बीमा प्रारम्भ गर्दा बीमितले देहायको प्राविधिक पक्ष पूरा गरेर नयाँ बिरुवा रोपण गरेको हुनु पर्नेछः-

(क) रोपण गरिने बिरुवा पोली ब्यागमा तयार गरेको कम्तीमा एक फिट अग्लो, कम्तीमा शिशा कलम जत्रो मोटो, कम्तीमा छ जोडी पात भएको, चौध देखि अठार महिनाको, रोग/कीरा नलागेको स्वस्थ्य बेर्ना हुनु पर्नेछ,

(ख) कफी बिरुवा लगाउनु भन्दा कम्तीमा एक महिना पूर्व नै रेखाङ्कन गरी कम्तीमा ४५ से.मी. गहिरो र ४५ से.मी चौडा खाडल तयार गर्नु पर्नेछ,

(ग)बिरुवा रोपण वर्षा शुरु भएपश्चात वा असार देखि साउन महिनासम्म गर्नुपर्नेछ,

तर, सिंचाईको सुविधा भएको ठाउँमा भने फागुन वा चैत महिनामा पनि रोपण गर्न सकिनेछ,

(घ)कफी खेती प्रति रोपनी बढीमा एक सय बिरुवासम्म रोपण गरेको हुनु पर्नेछ।

परिच्छेद -६

## दावी सम्बन्धी प्रक्रिया

२४. क्षतिको सूचना: (१) यस बीमालेखले रक्षावरण गरेको कफी खेतीको क्षति भएमा क्षति भएको तीन दिन भित्र बीमितले बीमकलाई टेलिफोन, एसएमएस, लिखित पत्र, ईमेल, फ्याक्स वा अन्य कुनै माध्यमबाट सोको जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको त्यस्तो जानकारी प्राप्त भए पश्चात क्षति मूल्याङ्कनकर्ताले निरीक्षण गर्न सक्ने हुँदा सो अवधिसम्म क्षति भएको स्थानलाई सुरक्षित गरी राख्नु पर्नेछ।

२५. दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातहरू: बीमितले दावी भुक्तानी प्रक्रियाको लागि बीमकलाई देहाय बमोजिमको कागजातहरू पेश गर्नु पर्नेछः

(क) पूर्ण रूपले भरिएको दावी फाराम,

(ख) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति,

(ग) सर्जमिन मुचुल्का (मुचुल्कामा कम्तीमा पाँच जना व्यक्तिको हस्ताक्षर र हस्ताक्षर गर्ने सबैको नाम, थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलेको हुनु पर्ने),

(घ) स्थानीय तहको वडा कार्यालयको कृषि सम्बन्धी सेवा दिने प्राविधिक वा शाखा वा त्यस्तो सेवा दिने प्राविधिक वा शाखा नभएको अवस्थामा वडा कार्यालयले क्षति भएको भनी गरेको सिफारिस,

(ङ) यस बीमालेखमा उल्लेख भएको अनुसूची-७ बमोजिमको अद्यावधिक अभिलेखको प्रति ।

२६. दावी: (१) बीमितले दफा २५ बमोजिमका कागजात सहित बीमक समक्ष बीमा दावी गर्नु पर्नेछ।

(२) बीमकले कफी खेतीको दावी भुक्तानी गर्दा अनुसूची-८ बमोजिमको दावी भुक्तानी तालिकालाई आधार मानी गर्नुपर्नेछ ।

२७. दावी फछ्र्यौट: (१) दफा २६ बमोजिम दावी परेपछि बीमकले तत्काल कफी खेती क्षतिको बीमा दावी भुक्तानी प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भएपछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नु पर्नेछ।

(३) बीमकले उपदफा (१) बमोजिम कफी खेती बीमाको दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि बीमक आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिन भित्र क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ।

(४) क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको कफी खेतीको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँचवटा फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप अनुसूची-९ बमोजिम क्षति मूल्याङ्कन प्रतिवेदनसंगै संलग्न गरेको हुनु पर्नेछ।

तर क्षति मूल्याङ्कनकर्ताले परिस्थितिजन्य अवस्थामा क्षतिको फोटो र भिडियो क्लिप आफैले खिच्न नसकेको अवस्थामा बीमितले खिचेको सम्बन्धित क्षतिको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटसम्मको भिडियो क्लिप समावेश गर्न सकिनेछ।

(५) क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिन भित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्नु पर्नेछ।

(६) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा यस बीमालेखको वर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएको खण्डमा बीमकले प्राधिकरणको स्वीकृतिमा पुनः अर्को मूल्याङ्कनकर्तालाई क्षति मूल्याङ्कनका लागि खटाउन सक्नेछ ।

(७) बीमक आफैंले क्षति मूल्याङ्कन गर्न सक्ने अवस्थामा समेत उपदफा (५) बमोजिमको अवधि भित्र क्षति मूल्याङ्कन गरी अनुसूची-९ बमोजिम क्षति मूल्याङ्कन प्रतिवेदन संलग्न गरेको हुनु पर्नेछ।

(८) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिन भित्र बीमकले दायित्व एकिन ठहर गरी बीमितलाई दावी भुक्तानी गर्नु पर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने कारण सहित बीमितलाई लिखित जानकारी दिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र दावी भुक्तानी गर्नु पर्नेछ।

(१०) बीमालेख अन्तर्गत दावी भुक्तानी योग्य रकमको दश प्रतिशत वा दश हजार रूपैयाँमध्ये जुन कम हुन्छ सो रकम घटाएर बीमा दावी भुक्तानी गरिनेछ।

परिच्छेद -७

## विविध

२८. बीमालेखमा प्रयोग भएका शब्दावलीको अर्थः बीमालेख सहित बीमा प्रस्ताव फाराम, अनुसूची, तालिका, बीमाशुल्क भुक्तानी रसिदलाई एकमुष्ठ कफी खेती बीमा करार वा बीमालेखको रूपमा बुझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न, बुझ्न वा टुक्रयाएर बीमालेखको अर्थ लगाउन पाइने छैन ।

२९. न्यूनतम क्षेत्रफलः (१) कफी खेती सम्बन्धमा बीमितले सुरक्षण गर्न पाउने बालीको न्यूनतम क्षेत्रफल कृषि, पशुपन्छी तथा जडिबुटि बीमा निर्देशिका, २०७९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम बीमा गरिने तरकारी खेती गरिएको जग्गाको कित्ता नं. उल्लेख गर्नुपर्नेछ। तर कित्ता नं. उल्लेख नभएको जग्गा वा ऐलानी जग्गा भएमा उक्त जग्गाको अवस्थिति यकिन हुने चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. समेतका प्रमाण लिनु पर्नेछ।

३०. उजुरी गर्न सक्ने: देहायको अवस्था आइपरेमा बीमितले विस्तृत विवरण खुलाई नेपाल बीमा प्रधिकरणमा उजुरी दिन सक्नेछः-

(क) बीमितले दिएको दावीको निवेदन बीमकले दर्ता नगरेमा,

(ख) बीमकले दावी वापतको रकम नदिएमा,

(ग) बीमकले भुक्तानी गर्न लागेको दावी वापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा,

(घ) बीमित वा बीमालेख धारक बाहेक अन्य पक्षलाई दावी वापतको रकम भुक्तानी गरेमा,

(ङ) बीमा दावी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा।

……………इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची- १

(दफा ४ को उपदफा (७) सँग सम्बन्धित)

<u>कफी खेती सामुहिक बीमाको विस्तृत विवरण</u>

बीमालेख धारक संस्थाको नामः ………

बीमालेख धारकको ठेगानाः ………

बीमालेख नं.: ………………………

| क्र. स. | बीमितको नाम | ठेगाना | सम्पर्क नं. | बीमा गरिएको कफी खेतीको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**संस्थाको प्रतिनिधिको**

हस्ताक्षर :

नामः

पदः

संस्थाको प्यान नं.:

छापः

मितिः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -२**

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>कफी खेती प्रस्ताव फाराम</u>**

(१) कफी खेती प्रस्तावक (व्यक्ति वा संस्था) को नामः............................................

२) पूरा ठेगानाः प्रदेश..................जिल्ला....................पालिका ................. वडा नं................
टोलः ....................सम्पर्क नं. .................. इमेल.................................

३) प्रस्तावित बीमाको किसिमः (क) उत्पादनमा आधारित ( ) (ख) लागतमा आधारित ( )

४) तल उल्लिखित विवरण तालिकामा भर्नुहोस्:

| क्र.सं. | कफी खेतीको प्रकार | | कफी खेतीको जात | | बोटको उमेर | क्षेत्रफल | बोटहरू बीचको औषत दूरी | जम्मा बोट संख्या | प्रतिबोट उत्पादन (के.जी.) |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यक्तिगत | सामूहिक | जात | उपजात | | | | | |
| | | | | | | | | | |

५) कफी खेती लगाईएको स्थानको पूर्ण विवरण/ठेगानाः
प्रदेश..................जिल्ला....................पालिका.................वडा नं.................टोलः.................
कित्ता नं. .........चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं (ऐलानी जग्गाको हकमा) ...........
जग्गाको क्षेत्रफलः............
जग्गाको किसिमः समथर ☐ भिरालो ☐ मिश्रित ☐ अन्य ☐

६) कफी खेती व्यक्तिगत वा सामूहिक के हो खुलाउनुहोस ?

७) सामूहिक भए निम्न विवरण भर्नुहोस्:
नामः ........................................... कफी खेती लगाइएको स्थान...........................
ठेगानाः प्रदेश....................जिल्ला...................पालिका................... वडा नं. ........ कित्ता नं.........
चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं (ऐलानी जग्गाको हकमा) ......... वडा नं. .........
टोलः.................... सम्पर्क नं. .......... इमेल..................

८) कफी खेती लगाईएको मितिः .........................

९) कफी खेती लगाउनुभन्दा पूर्व लगाएको बालीको विवरण .........................

१०) कफीको बगैंचाको बीचमा अन्य अन्तर बाली लगाउनु भएको छ? यदि छ भने, उक्त बालीको नाम उल्लेख गर्नुहोस्..............................

११) सिंचाईको स्रोत उल्लेख गर्नुहोस् ...........................

१२) कफी बगैंचामा छायाँदार बोट लगाउनु भएको छ?............................

क) प्रति रोपनी छायाँदार बोटको संख्याः................

ख) छायाँदार बोटको रूपमा के के रूख लगाउनु भएको छ? उल्लेख गर्नुहोस्...................................

ग) छायाँदार बोटको उमेरः .......................

१३) प्रति बोट कफी खेतीमा मलखाद प्रयोगको स्थिति

कम्पोष्ट मल (के.जी.) ............................

युरीया (ग्राम) ......................

डी.ए.पी. (ग्राम) ........................

पोटास (ग्राम) ...........................

अन्यः ...............................

१४) कफी खेतीका लागि प्राविधिक सरसल्लाह कहाँबाट प्राप्त गर्नुभएको छ?...............................

१५) कफी खेती तालिम लिनुभएको छ ?यदि छ भने, तालिमको अवधि र मिति उल्लेख गर्नुहोस् ।साथै तालिम दिने संस्थाको नाम उल्लेख गर्नुहोस् ।

..................................................................................................................................

१६) कृषिजन्य सुविधाहरु प्राप्त गर्नु भएको छ? यदि छ भने, कहाँबाट के के प्राप्त गर्नुभएको छ?

...............................................................

१७) तपाईले यस अघि गर्नु भएको कफी खेतीमा किरा वा रोग लागेको थियो ?

.................................................................

यदि थियो भने, कति रकम बराबरको क्षति भएको थियो ?

..............................................................................................

१८) यदि किरा वा रोग बाहेक अन्य कारणबाट क्षति भएको थियो भने निम्न विवरण भर्नुहोस्ः

| वर्ष | क्षतिको कारण | क्षति भएको परिमाण | प्राप्त रकम |
|---|---|---|---|
| | | | |

१९) यस अघि कुनै बीमा कम्पनीमा कफी खेतीको बीमा भएको भए सो बीमा कम्पनीको नाम उल्लेख गर्नुहोस् । बीमा भएको भए कति बीमाङ्क बराबरको बीमा भएको हो ?उल्लेख गर्नुहोस् ।

| बीमकको नाम | बीमांक रकम | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|
| | | |

२०) कुनै बैङ्क वा वित्त कम्पनी वा सहकारीले उक्त कफी खेतीमा लगानी गरेको छ? छ भने, उक्त बैङ्क वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूहको निम्न विवरण उल्लेख गर्नुहोस्ः

नाम/ठेगानाः ..........................................

प्रदेश..................जिल्ला....................पालिका .......................वडा नं................. टोलः............

सम्पर्क नं. .............

लिएको ऋणको रकमः रु........................अक्षरेपी (.......................................................)

म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, कफी खेतीबारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछौं। मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य नलुकाएको र यही प्रस्ताव नै बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा स्वःघोषणा गर्दछु/गर्दछौं।

**प्रस्तावकको**

हस्ताक्षरः

नाम (संस्था वा व्यक्तिगत)ः

संस्था भए संस्थाको छापः

नाम (संस्थाको हकमा संस्थाको आधिकारिक प्रतिनिधि)ः

मितिः

**..............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -३**

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**<u>प्राविधिक जाँच सिफारिसपत्र</u>**

**(प्रस्ताव फारम साथ संलग्न हुनु पर्ने)**

१) कफी खेती प्रस्तावकको (व्यक्ति वा संस्था) को नामः.................................................

२) पूरा ठेगानाः

प्रदेशः............................ जिल्ला .................... पालिका....................वडा.............

टोलः.......................... सम्पर्क नं. ..............इमेल.....................................

३) कफीको जातः.........................कफीको प्रकारः.....................उपजातः.................. औषत दूरी............

४) बीमाको लागि प्रस्तावित जम्मा बोट संख्याः ...................

५) कफी खेती लगाईएको स्थानको पूर्ण विवरणः

प्रदेशः............ जिल्ला ............... पालिका ............ वडा नं. ......... टोलः.......... कित्ता नं. .............

चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं (ऐलानी जग्गाको हकमा) ....... जग्गाको क्षेत्रफलः......

जग्गाको किसिमः समथर ☐ भिरालो ☐ मिश्रित/अन्य ☐

६) कफी बोट लगाईएको जग्गाको भौगोलिक अवस्थितिः

क) त्यस क्षेत्रको हावा पानीः ..................

ख) समुन्द्र सतहबाट कफी खेती लगाईएको जग्गाको उचाईः ..................

ग) जग्गाको मोहडा (Topography): ..................

घ) सिंचाईको स्रोतः..............................

७) कफी बगैंचामा निकासको (Drainage) प्रवन्ध छ वा छैन ?..............

८) कफी बगैंचामा अन्तरबाली लगाएको भए बालीको नाम .........................

९) कफी बगैंचामा कुनै रोग/कीराको संक्रमण देख्नु भएको छ*-? यदि छ भने कुन रोग/कीराको संक्रमण देखिएको छ उल्लेख गर्नुहोस। ..................................................................

१०) त्यस क्षेत्रमा बिगतमा कफी बालीमा कुनै संक्रामक रोग/कीरा लागेको थियो? यदि थियो भने कहिले कुन रोग/कीराबाट क्षति भएको हो उल्लेख गर्नुहोस् .......................................................

११) उक्त कफी खेतीको जोखिमलाई स्वीकार गर्न नमिल्ने अरु कुनै जानकारी छ? यदि छ भने त्यसको विवरण दिनुहोस् ।...........................................................................................

१२) तपाई उक्त कफी खेतीको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ ?

..........................................................................

१३) कफी खेती बीमायोग्य छ वा छैन भन्ने निर्णय गर्नका लागि थप प्राविधिक जाँच गर्नुपर्ने ठान्नुहुन्छ? ....................... ठान्नुहुन्छ भने कुन जाँच गर्नु पर्ने हुन्छ ? .......................................

१४) यदि जाँच गरेको भए कागजात संलग्न गरी कफी खेती बीमा गर्न मिल्ने वा नमिल्ने राय दिनुहोस्।

.......................................................................................................................................

यस अनुसूचीमा उल्लिखित कफी खेतीको मैले ध्यानपूर्वक गुणस्तर परीक्षण गरेँ। प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही छन् भन्ने कुरा प्रमाणित गर्दछु।

**प्राविधिकको**

नाम (व्यक्तिगत वा संस्थागत):

सही:

ठेगाना:

मिति:

फोन/मोबाईल न:

प्रमाणपत्र जारी गर्ने संस्था:

प्रमाणपत्र नं.:

कोड नं/ दर्ता नं.:

संस्थाको हकमा कार्यालयको छाप:

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -४**

**(दफा ९ सँग सम्बन्धित)**

**प्राविधिकको पुनः जाँच परीक्षण तथा निरीक्षण प्रतिवेदन**

(१) कफी खेती बीमित (व्यक्ति वा संस्था) को नामः...........................................

(२) कफी खेती बीमालेख नंः

(३) बीमा गरिएको अवधिः..........

(४) कफी खेती गरिएको स्थानः

प्रदेशः..................जिल्ला....................पालिका............वडा नं. ............ टोलः.........

(५) कफी खेतीको क्षेत्रफल .................

(६) कफी खेतीको अवस्थाः .................

(७) कफी खेतीको उचित स्याहारः

(क) रोग र किरा लागेको वा नलागेको .............................................

(ख) रोग तथा किरा लागेको भए उपचार गरेको वा नगरेको .................

(ग) रोग वा किरा लागेको बारे बीमितलाई थाहा भएको वा नभएको ..............................

(घ) रोग तथा किरा सम्बन्धी प्राविधिक सल्लाह लिएको वा नलिएको .............................

(ङ) कफी खेती गरिएको स्थानमा रोग तथा किराको प्रकोप देखिएको भए उल्लेख गर्ने ................

(८) प्राविधिकले पुनः परीक्षण गर्ने दिनको कफी खेतीको विस्तृत विवरण .........................................

(९) कफी खेतीको निरीक्षणको क्रममा देखिएका कैफियत सम्बन्धमा बीमितलाई दिनुपर्ने राय तथा सुझाव ।

.........................................................................................................

यस अनुसूचीमा उल्लिखित कफी खेतीको मैले पुनः जाँच निरीक्षण गरें। प्रस्तुत विवरण तथा उत्तरहरु मेरो निरीक्षणको क्रममा देखिएका सही र तथ्यपरक छन् भन्ने कुरा सिफारिस गर्दछु। यस प्रतिवेदनमा लेखिएका व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला।

| ल्याप्चे छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**प्राविधिकको**

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

फोन/मोबाईल नं.

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नं.

……………इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची -५

(दफा १९ सँग सम्बन्धित)

**कफी बीमाङ्क निर्धारणका लागि तालिका**

(क) लागतको आधारमा

| उमेर (वर्ष) | प्रति बोट उत्पादन लागत खर्च (रू) | प्रति बोट संचयी लागत (रू.) |
|---|---|---|
| ० | १८५ | १८५ |
| १ | १२५ | ३१० |
| २ | ११५ | ४२५ |
| ३ | १३५ | ५६० |
| ४ | १४५ | ७०५ |
| ५ देखि माथि | १४५ | ८५० |

(ख) उत्पादनको आधारमा

| कफी बोट उमेर | प्रति बोट औसत उत्पादन | |
|---|---|---|
| | उत्पादन (के.जी/बोट) | मूल्य (रू/के.जी) |
| ३ देखि ४ वर्षसम्म | ३ | |
| ५ वर्ष भन्दा माथि | ५ | |

*नोट*- मूल्य (रू/के.जी): राष्ट्रिय चिया तथा कफी बिकास बोर्डबाट तोकिएको न्यूनतम मूल्य अनुसार ।

**(ग) यस बीमालेख बमोजिम गरिने कफी खेतीको बीमाशुल्क गणना गर्दा निम्न शुत्रको आधारमा गरिनेछः-**

| क्र.सं. | शुत्र | विवरण |
|---|---|---|
| क. | कफी बोटको बीमाङ्क = कफी बोटको संख्या x प्रति बोटको मूल्य | |
| ख. | कफी उत्पादन (चेरी) को बीमाङ्क = कफी बोटको संख्या x प्रति बोटले उत्पादन गर्ने दाना वा फल x दाना वा फलको मूल्य प्रति के.जी. | |
| ग. | कफी बोट र उत्पादन = (क+ख) | |
| घ. | कफीको बीमाशुल्क = ग x बीमाङ्क रकमको पाँच प्रतिशत (५) | |
| ङ. | व्यक्तिगत दुर्घटना बीमाशुल्क = रू. २ ००(दुई सय) | |
| च. | जम्मा बीमाशुल्क = घ + ङ | |
| छ. | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम | |
| ज. | बीमितले तिर्नु पर्ने रकम = च-छ | |

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

अनुसूची-६

(दफा २१ को उपदफा (२) सँग सम्बन्धित)

**<u>कफी खेती बीमा सम्बन्धी विवरण तथा बीमाशुल्क गणना तालिका</u>**

| | |
|---|---|
| कफी बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः<br><br>नागरिकता नं./संस्थाको हकमा दर्ता नं.:<br><br>नागरिकता जारी गरिएको मितिः<br><br>नागरिकता जारी गरिएको जिल्ला/संस्था वा फार्मको दर्ता भएको स्थानः<br><br>गैर नेपाली नागरिकको हकमा परिचय पत्र नं.<br><br>किसिम तथा नम्बर..........<br><br>गैर नेपाली नागरिकको हकमा परिचय पत्र जारी गर्ने संस्था.............<br><br>गैर नेपाली नागरिकको हकमा परिचय पत्र जारी भएको मितिः<br><br>व्यक्ति/संस्था वा फर्मको दर्ता भएको ठेगनाः<br><br>संस्थाको हकमा प्यान नं.<br><br>प्रस्तावकको ठेगानाः<br><br>प्रदेशः...................................जिल्ला.<br><br>पालिका.................... वडा नं. ................<br>टोल.................. घर नं. ....<br><br>सम्पर्क नं.............<br><br>इमेल............................ | बीमालेख नं.<br><br>अभिकर्ताको नामः<br><br>अभिकर्ता इजाजतपत्र नं.<br><br>प्राविधिकको नामः<br><br>प्राविधिकको कोड नं.<br><br>बीमालेख जारी मितिः<br><br>बीमालेख जारी हुने समयः<br><br>बीमालेख जारी स्थानः<br><br>नगदी बीजक जारी मिति तथा समय<br><br>नगदी बीजक नं.<br><br>बीमाङ्क रकम रुः<br><br>जम्मा बोट संख्याः |
| (खुलाउनु पर्ने)<br>प्रस्तावित बीमाको किसिमः<br>उत्पादनमा आधारित ( )<br>कफी बोटको कुल संख्या .................... | |

<table>
<tr><td colspan="1">बीमा गरिएको बोटको संख्या ......................................<br>बोटको उमेर..................................................<br>क्षेत्रफल ....................................<br>जातः.................................<br>बीमा प्रारम्भ मितिः ........................<br>बीमा समाप्ति मितिः.............................<br>बीमा अवधिः ..................</td><td colspan="2"></td></tr>
<tr><td rowspan="2">कफी खेती लगाइएको स्थानः<br>प्रदेशः..............................जिल्ला...........<br>पालिका...................वडा नं. ..............<br>टोल.....................कित्ता नं.......... चार किल्ला नं. (ऐलानी जग्गाको हकमा) ......................</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">कफी गणना तालिका</td></tr>
<tr><td>इच्छाईएको ब्यक्तिको</td><td>क. कफी बोटको बीमाङ्कः</td><td>रू. “क”</td></tr>
<tr><td>नाम थरः</td><td>ख. कफी उत्पादन (चेरी) को बीमाङ्क</td><td>रू. “ख”</td></tr>
<tr><td>बीमित र इच्छाईएको व्यक्तिको बीचको नाताः</td><td>ग. कफी बोट र उत्पादन (क+ख)</td><td>रू. “ग”</td></tr>
<tr><td>इच्छाईएको व्यक्तिको बाबुको नामः</td><td>घ. कफीको बीमाशुल्क</td><td>“ग” x.<br>बीमाङ्क रकमको ५ %</td></tr>
<tr><td>इच्छाईएको व्यक्तिको आमाको नामः</td><td rowspan="2">ङ. व्यक्तिगत दुर्घटना बीमा वापत</td><td rowspan="2">रू. २००</td></tr>
<tr><td>इच्छाईएको व्यक्तिको श्रीमान/श्रीमतीको नामः</td></tr>
<tr><td rowspan="3">सम्पर्कनं. मोबाइल.............. आवासः..................<br>इमेल ठेगाना....................................</td><td>च.जम्मा बीमा शुल्क</td><td>घ+ङ</td></tr>
<tr><td>छ.नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम</td><td>रू.</td></tr>
<tr><td>ज.बीमितले तिर्नुपर्ने रकम</td><td>च-छ</td></tr>
</table>

बीमालेख स्वीकृत गर्ने अधिकारीको दस्तखतः
हस्ताक्षरः
नामः
पदः
मितिः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

अनुसूची -७

(दफा २३ को उपदफा (१) को खण्ड (ङ) सँग सम्बन्धित)

**कफी खेतीको प्राविधिक व्यवस्था सम्बन्धी अभिलेखहरू**

**१) कफी बगैंचामा गरिएको क्रियाकलापहरूको विवरण**

| मिति | क्रियाकलापहरू | विवरण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| **नोटः** बिरूवा रोपण, टिपाइ, सिंचाइ, गोडमेल, काँटछाँट, मल प्रयोग लगायत कफी बगैंचामा गरिएका क्रियाकलापहरू यसै विवरण बमोजिम भर्ने | | | |

**२) कफी उत्पादन तथा बिक्री परिमाण सम्बन्धी विवरण**

| मिति | उत्पादन परिमाण (के.जी) | बिक्री परिमाण (के.जी) | घरमा उपयोग परिमाण (के.जी) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**३) मल प्रयोग विवरण**

| मिति | मलको नाम/प्रकार | परिमाण | मलको स्रोत (आफ्नै/किनेको) | किनेको भए | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | मिति | परिमाण | बिल नं. | रकम | |
| | | | | | | | | |
| | | | | | | | | |

**४) जैविक विषादीको प्रयोग**

| मिति | विषादीको नाम/प्रकार | परिमाण | विषादीको श्रोत (आफ्नै/किनेको) | किनेको भए | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | मिति | परिमाण | बिल नं. | रकम | |
| | | | | | | | | |
| | | | | | | | | |

**..............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची- ८**

**(दफा २६ को उपदफा (२) सँग सम्बन्धित)**

**कफी खेतीको बीमा दावी भुक्तानी तालिका**

**कफी फल (चेरी) टिपाई तथा दावी भुक्तानीको विवरण (प्रति बोट उमेर अनुसार)**

| कफी प्रजाती | टिपाई अवधि र किसिम | टिपाई प्रतिशत | वास्तविक क्षति प्रतिशत (कायम बीमाङ्कको ) |
|---|---|---|---|
| कफी अराविका (समुन्द्र सतहबाट ६०० मिटर देखि १००० मिटर उचाई) | कार्तिक १५ देखि कार्तिक मसान्तसम्म | ५ | ९५ |
| | मंसिर १ देखि मंसिर मसान्तसम्म | १५ | ८५ |
| | पौष १ देखि पौष मसान्तसम्म | ३० | ७० |
| | माघ १ देखि माघ मसान्तसम्म | ७० | ३० |
| | फागनु १ देखि फागुन १५सम्म | ९५ | ० |
| | फागुन १५ देखि फागुन मसान्तसम्म | १०० | ० |
| | | | |
| कफी अराविका (समुन्द्र सतहबाट १००० मिटर वा १००० मिटर भन्दा माथिको उचाई) | मंसिर १ देखि मंसिर मसान्तसम्म | ५ | ९५ |
| | पौष १ देखि पौष मसान्तसम्म | २० | ८० |
| | माघ १ देखि माघ सान्तसम्म | ४० | ६० |
| | फागनु १ देखि फागुन मसान्तसम्म | ८० | २० |
| | चैत्र १ देखि चैत्र १५ सम्म | ९५ | ० |
| | चैत्र १५ देखि चैत्र मसान्तसम्म | १०० | ० |

**दृष्टव्यः-** यस बीमालेख अन्तर्गत बीमकले दावी भुक्तानी प्रदान गर्दा बास्तविक क्षति (कायम बीमाङ्कको) प्रतिशतमा दावी रकम निर्धारण गरी त्यसबाट अधिक रकम कट्टा गरी दावी भुक्तानीको व्यवस्था गर्नुपर्नेछ ।

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची- ९**

**(दफा २७ को उपदफा (४) र उपदफा (७) सँग सम्बन्धित)**

**<u>कफि बीमा क्षति मूल्याङ्कन प्रतिवेदन</u>**

१. **क्षति मूल्याङ्कनका लागि नियुक्त दिने बीमकको नामः**.......................................................
क्षति मूल्याङ्कनको लागि प्राप्त पत्रको मिति .............
क्षति मूल्याङ्कनकर्ता (व्यक्ति वा संस्था) को नामः........................................................
प्यान (PAN) नं. .............................. कोड नं..... ..........

२. **<u>क्षति मूल्याङ्कन गर्ने लागेको स्थानको पूरा ठेगानाः</u>**
प्रदेशः...................जिल्ला................पालिका............वडा नं..........टोलः............ सम्पर्क नं. ............
इमेल....................................
क्षति मूल्याङ्कन गर्न खटाईएको मितिः............................
क्षति मूल्याङ्कनका लागि लागेको अवधिः
क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरिएको मितिः ......................

३. **<u>दावीकर्ताको विवरणः</u>**
बीमा दावीकर्ताको नामः ...........................................
ठेगानाः .............................................
बीमालेख नं. ................................................
क्षति भएको बीमाको किसिमः आंशिक .....................पूर्ण .........................

४. **<u>क्षति सम्बन्धी विवरणः</u>**
क्षति भएको मितिः ........................................क्षति भएको समयः ........................................
क्षति मूल्याङ्कन गरिएको कफी खेती भएको स्थानः ...........................................
प्रदेशः.................. जिल्लाः........................ पालिका.......................वडा नं. .............
टोलः......................कित्ता नं. ...............चार किल्लाः (ऐलानी जग्गाको हकमा) .................

५. **<u>कफी बाली क्षति हुनुको कारणः</u>**
..........................................................................................

६. **<u>क्षति भएको कफी खेतीको विवरणः</u>**
........................................................................................

**६.१ <u>बोट संख्या क्षति भएको आधारमा मूल्याङ्कन</u>**
बीमा भएको कफीको क्षेत्रफलः..............................
जम्मा बीमा भएको बोट संख्याः ..............................
क्षति भएको जम्मा बोट संख्याः ...............................
क्षति भएको चेरी वा दाना वा फल जम्माः...............................
जम्मा क्षति प्रतिशतः ............................................

प्रतिबोट मूल्य रू. ..............................................
अधिक रकम रू. ..................................................
अधिक कट्टा गरी बाँकी हुन आउने रकम रू. ..............
खुद क्षति मुल्य रू. ...............................................

६.२ <u>**उत्पादनको आधारमा भएको क्षति मूल्याङ्कन**</u>

**उत्पादन बीमा (५ वर्षभन्दा माथीका बोट)**

प्रतिबोट औषत उत्पादन (के.जी.)..........................
प्रतिबोट उत्पादन क्षति (के.जी.) ..............................
कुल क्षति भएको बोट संख्याः ..................................
कुल उत्पादन क्षति (के.जी.).....................................
जम्मा क्षति प्रतिशत ................................................
मूल्य रू. प्रति के.जी. ..............................................
जम्मा क्षति रकम रू. ................................................

७. **फोटो संख्या ..........................................................**

८. **भिडियो क्लिपको समयः ..............................................**

९. **क्षतिको मात्रा निर्धारणः**

कुल क्षति प्रतिशतः................................................
खुद क्षति रकमः.....................................................

माथि उल्लिखित कफी खेतीमा भएको क्षतिको सम्बन्धमा ध्यानपूर्वक मूल्याङ्कन गरी क्षति मूल्याङ्कन गर्दा लिएको तोकिएको संख्यामा फोटो तथा भिडियो क्लिप संलग्न गरी क्षतिको मूल्याङ्कनको क्रममा तथ्यगत जानकारी प्राप्त भएका विवरणहरू सबै ठीक र साँचो छन् ।सोही अनुरूप बीमालेखको शर्त र सुविधा अनुसार "निष्पक्ष तथा पक्षपात रहित" रहेको स्व-घोषणा गर्दछु ।

**क्षति मूल्याङ्कनकर्ताकोः**

नामः .......................................
सम्पर्क नं....................................
कोड नं./
दर्ता नं./इजाजतपत्र नं. .............................
प्यान नं.: .....................
हस्ताक्षरः

**संस्थाको हकमाः**

कार्यलयको छाप ...............
मितिः.......................